




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन १५ गते आइतबार ❑ 27 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## देश र जनताको हितभन्दा पार्टी बाहिर जाने छैन : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, १४ फागुन**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टी संसदीय प्रक्रियामा नै नरहेकाले मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) पास गर्ने अवस्थामा नरहेको बताउनुभएको छ।

प्रगतिशील पेसागत कानुन व्यवसायी सङ्गठनको दोस्रो राष्ट्रिय सम्मेलनलाई आज यहाँ सम्बोधन गर्दै उहाँले देश र जनताको हितभन्दा आफ्नो पार्टीबाहिर नजाने बताउनुभएको हो । "हामी संसद्को प्रक्रियामा सहभागी हुन पाएका छैनौँ", उहाँले भन्नुभयो, "संसद् सहभागी हुन नपाएपछि हामीले राय कहाँ व्यक्त गर्ने । संसद्मा नै हामीले सहभागी नगराएपछि एमसिसी पास गर्ने कसरी र फेल गराउने कसरी ?"

अध्यक्ष ओलीले एमालेले राष्ट्रिय र जनताको हित तथा अन्तर्राष्ट्रिय सम्बन्ध हेरेर जे गर्दा राष्ट्रका लागि उचित हुन्छ, त्यही मात्र गर्ने बताउनुभयो । उहाँले नेपाल न्यायको भूमि भएपनि न्याय मरेको बताउँदै सर्वोच्च अदालतले अन्तिम फैसला गर्ने निकाय भएको तर त्यसले व्याख्या गर्ने नाममा संविधानबमोजिम नगरेको उल्लेख गर्नुभयो ।

अध्यक्ष ओलीले सर्वोच्च अदालतले स्वच्छेचारी निर्णय गर्दै जाँदा न्यायपालिकामा विकृति आउनेसमेत बताउनुभयो। "सर्वोच्च अदालत विकृत भयो भने देश, समाज के हुन्छ । हाम्रो विधि कहाँ पुग्छ ?", उहाँले प्रश्न गर्नुभयो । उहाँले एमाले नेपालको न्याय क्षेत्र स्वच्छ, पवित्र र निष्पक्ष ढङ्गले संविधानबमोजिम हुनुपर्ने मान्यता राखेको बताउनुभयो ।

अध्यक्ष ओलीले सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई लगाइएको महाअभियोग पारित गर्न नल्याएको स्पष्ट पार्नुभयो । "राणालाईलगाएकोमहाअभियोगसंसद्मा निर्णयार्थ प्रस्तुत हुने छैन", उहाँले भन्नुभयो, "महाअभियोग निर्णायार्थ प्रस्तुत गर्न ल्याएको होइन ।" सबै क्षेत्रमा न्याय र समानतासहितको समृद्ध नेपाल हुनुपर्नेमा उहाँले जोड दिनुभयो । सम्मेलनले नयाँ नेतृत्व चयनसमेत गर्नेछ ।

## वाईसीएल केन्द्रीय स्वास्थ्य विभाग प्रमुख पौडेलको दुर्घटनामा परि मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**

नेकपा माओवादी केन्द्र निकट योङ्ग कम्युनिष्ट लिग (वाईसीएल) नेपालका केन्द्रीय स्वास्थ्य विभाग प्रमुख सुभाश पौडेलको स्याङ्जाको भालु पहाडमा मोटरसाइक दुर्घटनामा परी मृत्यु भएको छ।

शुक्रबार वाईसीएल जिल्ला कमिटिको विस्तारित बैठक सकेर पुतलीबजारबाट भालुपहाड तर्फ साँझ करिब ६:०० बजे तिर आउदै गर्दा एकाएक भालुपहाडको भिरमा लड्न पुगेका पौडेलको मृत्यु भएको प्रहरीले जनाएको छ।



सडक विस्तारको क्रममा कच्ची सडकमा खाल्टा खुल्टी भएको र शुक्रबार साँझ पानी परेर सडक चिप्लो भएको कारणले गर्दा पनि उनी सडकबाट भिर तर्फ लडेको हुन सक्ने घटनास्थल पुगेका भिम विश्वकर्मा (क्षितिज) ले बताए । उनका अनुसार पौडेलको शव सडकदेखि करिब १ सय ५० मिटर तल रहेको थियो भने मोटरसाइकल भने आधिखोला मै करिब २ सय मिटर तल पुगेको थियो । मोटरसाइकलमा एक्लै भएको हुँदा दुर्घटनामा परेका पौडेलले समयमै गुहार पाउन सकेनन् ।

शुक्रबार बेलुका देखि पौडेल सम्पर्क बिहिन भएसंगै उनको खोजि कार्य गरे पनि प्रहरीले उनको फोनको ट्र्याकिङको आधारमा दुर्घटना भएको स्थानको शनिबार बिहान मात्र पहिचान गरेको स्थानियले बताए। प्रहरी निरिक्षक पदम थापा नेतृत्वको टोलीले घटनास्थलमा पुगेर घटनाको प्रारम्भिक अनुसन्धान सहित मुचुल्का गरी शवलाई पोष्टमार्टमका लागि अस्पताल लगेको थियो ।

## सरकारले जनताको मन छुने काम गरेको छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश सरकारले छोटो अवधिमै जनताको मन छुने कामको सुरुआत गरेको बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिका-१० दुम्सीचौर स्थित भानु माध्यमिक विद्यालयको शनिबार आयोजित स्वर्ण महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले आफू नेतृत्वको सरकार गठन भएको आठ महिनामा जनताको मन छुने काम गरेको दावी गर्नुभएको हो। सरकारले फागुन १ गतेदेखि प्रदेशभर रगत निःशुल्क उपलब्ध गराउने निर्णय गरेको र उक्त निर्णयले जनतालाई राहत हुने उहाँले उल्लेख गर्नुभयो । 'सरकार गठन भएको धेरै समय नभए पनि केही कामको सुरुआत गरेका छौँ, जसले जनतालाई राहत पुग्ने विश्वास लिएका छौँ', उहाँले भन्नुभयो, 'अब प्रदेशका जनताले रगत निःशुल्क पाउँछन्, त्यसको शुल्क सरकारले व्यहोर्छ ।'प्रदेशअन्तर्गतका ११ वटै जिल्लामा सडकमा बेवारिसे अवस्थामा जनता भौतारिन नपरोस् भन्नका लागि मानव सेवा आश्रमसँग सम्झौता गरी त्यस्ता व्यक्तिको व्यवस्थापन गरिएको मुख्यमन्त्री पोखरेलले बताउनुभयो। सरकारले पोखरामा दुई र लमजुङमा एउटा मानव आश्रमसँग सम्झौता गरी प्रतिव्यक्ति तीन हजार दिने गरी सडकमा बेवारिसे अवस्थामा रहने व्यक्तिको व्यवस्थापनका लागि बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो।



कोभिडबाट मृत्यु भएकाका परिवारलाई रु ५० हजार राहत दिने र अभिभावक गुमाएका बालबालिकालाई १८ वर्ष उमेर नपुगेसम्म मासिक रु पाँच हजार राहत दिने कामको सुरुआत भएको मुख्यमन्त्री पोखरेलले बताउनुभयो । मुख्यमन्त्री पोखरेलले प्रदेशभित्रका अस्पतालमा निःशुल्करूपमा डायलासिस गर्ने क्षमता वृद्धि गर्ने सरकारको सोच रहेको बताउनुभयो । प्रदेशभित्र हाल ५५० जना डायलासिस गर्नुपर्ने बिरामी रहे पनि १७५ ले मात्रै निःशुल्क सेवा पाइरहेकाले सुविधा विस्तार गर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ थियो ।

अहिलेको शिक्षा व्यवहारिक नभएकामा सबैको चासो रहेको बताउँदै मुख्यमन्त्री पोखरेलले व्यवहारिक शिक्षाको आवश्यकतामाथि जोड दिनुभयो । सरकारले शिक्षा नीति ल्याएको र सोही नीतिमा रहेको ऐन बनाउनुपर्ने अवस्था रहेको उहाँको भनाइ थियो । कार्यक्रममा प्रदेश सांसद सरिता गुरुङ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले शिक्षाको सुधारमा जोड दिनुभएको थियो ।

## सहिदको योगदानलाई भुल्न हुँदैन : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १४ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सहिदको योगदानलाई भुल्न नहुनेमा जोड दिनुभएको छ।

तनहुँको व्यास नगरपालिका-१ भादगाउँमा निर्माण गरिएको सहिद विक्रम परियारको अर्धकदको शालिक शनिबार अनावरण गर्दै उहाँले नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएकाले सहिदलाई सदैव सम्मान गर्नुपर्ने बताउनुभएको हो । स्व विक्रम परियारको योगदानलाई चीरस्थायी बनाउनुपर्नेमा जोड दिँदै नेता पौडेलले भन्नुभयो, "सहिदको परिवारलाई कांग्रेसले सधैं सम्मान गर्छ ।" फरक प्रसङ्गमा विगतमा सबै कम्युनिष्ट नेता एमसिसीका पक्षमा भए पनि अहिले चीनको इशारामा त्यसको विपक्षमा उभिएको आरोप लगाउँदै उहाँले



एमसिसी नेपालको हितमा रहेको र विद्युत् शक्ति बेचेर नेपाललाई धनी बनाउन अमेरिकाले चाहेको छ भन्नुभयो ।

सोही दलका केन्द्रीय सदस्य शङ्कर भण्डारीले पार्टीले सहिदको उचित सम्मान गर्न नसकेको बताउनुभयो । उहाँले कांग्रेसलाई सङ्गठित र व्यवस्थित पार्टी बनाउनुपर्नेमा जोड दिँदै त्यसो भएमात्रै सबै चुनाव कांग्रेसले जित्ने बताउनुभयो। केन्द्रीय सदस्य गोविन्द भट्टराईले सहिद विक्रम परियारको परिवारलाई उचित व्यवस्थाका लागि पार्टीले सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले सहिद विक्रम परियारको शालिक र पार्क निर्माणका लागि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## रवीन्द्र अधिकारीको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**

नेकपा एमालेका नेता तथा तत्कालीन संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री स्वर्गीय रवीन्द्र प्रसाद अधिकारीको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना हुने भएको छ।

अधिकारीको नाममा स्थापना भएको रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानले सो पुरस्कार स्थापना गर्न लागेको हो। स्व. अधिकारीको तेस्रो स्मृति दिबसका सन्दर्भमा शनिबार पोखरामा आयोजित रवीन्द्र अधिकारी र मिडिया विषयक अन्तरक्रिया कार्यक्रममा सो कुराको जानकारी दिइएको हो।

उक्त प्रतिष्ठानका अध्यक्ष समेत रहेकी एमाले केन्द्रिय सदस्य , प्रतिनिधि सभा सदस्य एवम् स्वर्गीय अधिकारिकी धर्मपत्नी बिद्या भट्टराई अधिकारीले उहाँले विभिन्न क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई आम जनतासम्म पुर्याउन महत्वपूर्ण योगदान पुर्याउने, बिकासका र पर्यटन क्षेत्रमा कलम चलाउने संचारकर्मीलाई सम्मान स्वरुप उक्त पुरस्कारबाट पुरस्कृत गरिने जानकारी



दिइन। उनले पुरस्कार यसबर्षबाट रु २५ लाखको अक्षय कोष स्थापना गरि शुरूवात गरिने बताउदै अधिकारीको जन्म दिन बैशाख २२ को अबसर पारेर उक्त पुरस्कार प्रदान गरिने बताइन । प्रतिष्ठानका महासचिब धनराज आचार्यले तेस्रो स्मृति दिवस यस बर्ष विभिन्न कार्यक्रमको आयोजना गरि त्रिदिबसिय रुपमा मनाउन लागिएको बताए। जसअनुसार फागुन चौध गते दिउँसो ४ बजे रबिन्द्र अधिकारी र मिडिया बिषयमा अन्तरक्रिया कार्यक्रम, फागुन पन्ध्र गते बिहान आठ बजे सहिद स्मृति पार्कमा स्वर्गीय अधिकारिको शालिकमा माल्यार्पण सहित श्रद्धाञ्जली कार्यक्रम र सोही दिन पोखरा उद्योग बाणिज्य संघको हलमा बिहान एघार बजे "रबिन्द्र स्मृती दिवस समारोह , फागुन सोह्र गते बिहान ११ बजे पृथ्वीनारायण क्याम्पसमा " विद्यार्थी राजनीति ,बिकास र रवीन्द्र अधिकारी" बिषयमा परिसम्बाद कार्यक्रम आयोजना गरिएको आचार्यले जानकारी दिए । कार्यक्रममा प्रतिष्ठानका सदस्य दीपेन्द्र श्रेष्ठ, प्रेस स्वतन्त्र सेनानी बद्री बिनोद प्रतीक, अग्रज पत्रकार पुण्य पौडेल, पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी, प्रतिष्ठानका सदस्य सुष्मा पौडेल लगायतका संचाकर्मीहरुले रवीन्द्र अधिकारीले संचार लगायत विविध क्षेत्रमा पुर्याएको योगदानको बारेमा प्रकाश पारेका थिए।

## उपाय खोजिरहेका छौँ : अध्यक्ष

**रासस**
**काठमाडौं, १४ फागुन**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सत्ता गठबन्धन नटुटाई राष्ट्रिय समस्याको समाधान खोज्नेतर्फ दलहरुको ध्यान केन्द्रित भएको बताउनुभएको छ।

जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलको स्मृति दिवस तथा सहिद सप्ताहको सन्दर्भ पारेर नेपाल दलित मुक्ति मोर्चाले शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले आफूहरु गठबन्धनलाई जोगाउने र एमसिसी समस्या समाधान गर्ने उपायको खोजीमा लागिरहेको बताउनुभयो । "एमसिसीकै कारण गठबन्धन टुट्ने, फेरि प्रतिगमनकारी शक्ति हाबी हुने त होइन भन्ने स्थिति अहिले बनेको छ । त्यसलाई रोक्नुपर्ने अवस्था छ", पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष दाहालले भन्नुभयो, "प्रतिगमनकारी गठबन्धन अगाडि नआओस्, संविधान, गणतन्त्र र राष्ट्रियताको रक्षाको कसम खाएर बनेको गठबन्धन नटुटोस् भनेर लागिपरेका छौँ ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शिव मन्दिर तथा आमा समूह भवन निर्माण

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**



पोखरा महानगरपालिका वडा नं ३२ का सामाजिक गतिविधिमा झण्डै साढे दुई दशक यता कृयाशिल परोपकार आमा समूहको सकृयतामा शिव मन्दिर तथा आमा समूह भवन निर्माण गरिएको छ।

मन्दिर तथा भवनको गण्डकी प्रदेशका कानुन, संचार तथा प्रदेशसभा मामिला मन्त्री विन्दुकुमार थापाले एक कार्यक्रमकाबीच आज उद्घाटन गर्नुभयो । कार्यक्रममा मन्त्री थापाले पोखराको प्रवेशद्वार पोखरा-३२ का विकास निर्माण प्रदेश सरकारको प्राथमिकतामा परेको बताउनुभयो । मन्दिर, पार्टीपौवा निर्माणका साथै सभ्य समाज निर्माणमा आमा समूहहरूले विशिष्ट योगदान गर्दै आएको बताउँदै उहाँले परोपकार आमा समूहका विकास निर्माण लगायतका हरेक गतिविधिमा आफ्नो साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो। पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले परोपकार आमा समूहले विगतदेखि नै गर्दै आएका काम प्रशंसनीय भएको बताउँदै विकास निर्माणका लागि यो वा त्यो नभनी सबैको सामूहिक प्रयास आवश्यक हुनेमा जोड दिनुभयो । गोगन मा.वि.का अध्यक्ष एवम् लेखनाथ उद्योग वाणिज्य संघका सदस्य मेघराज पौडेलले ऋणमा रहेर पनि परोपकार आमा समूहले विकास निर्माणका काममा देखाएको सकृयता प्रशंसनीय भएको बताउँदै समूहका काममा सबैको साथ र सहयोग आवश्यक हुने बताउनुभयो। नेपाल रेडक्रस सोसाइटी पोखरा-३२ का अध्यक्ष किसान परियारले सकारात्मक सोचका साथ आमा समूहले रत्यौली लगायत विभिन्न सांस्कृतिक कार्यक्रम गरी पैसा जोगाएर सामाजिक काममा लगाएको बताउनुभयो। समाजसेवी मोहनकुमार प्रधानले आमा समूहको सकृयता प्रशंसनीय भएको बताउँदै सबैको एकतावद्ध प्रयासमा यस क्षेत्रको विकासका गतिविधि अघि बढाउन सकिनेमा जोड दिनुभयो । नेकपा माओवादी केन्द्रका नगर कमिटि सदस्य अर्जुन मल्लले बाढी तथा भूक्षयबाट प्रभावित पोखरा-३२ मा वर्षायाममा आउने पानीको उचित निकास आवश्यक रहेकोमा जोड दिनुभयो । समाजसेवी शरणकुमार प्रधानले आमा समूहले गोगन मा.वि.मा बनाएको दुईकोठे भवन, घाटमा निर्माण गरेको प्रतिक्षालय आदि अनुकरणीय कार्य भएको स्मरण गर्नुभयो । समाजसेवी शिवजी लामिछानेले सामाजिक गतिविधिमा महिलाहरूको भूमिका महत्वपूर्ण हुँदै आएको धारणा राख्दै परोपकार आमा समूहका कार्यको प्रशंसा गर्नुभयो।

समूहका अध्यक्ष लक्ष्मी प्रधानको अध्यक्षता एवम् सचिव निर्मला भट्टराई( ढकाल)ले सञ्चालन गर्नुभएको कार्यक्रममा पोखरा रेडिमिक्स प्रा.लि.चाउथेका अध्यक्ष नारायण गुरुङ, पूर्व वडा अध्यक्ष प्रकाशचन्द्र पागल लगायतले आमा समूहको कामको प्रशंसा गर्नुभयो । उक्त अवसरमा मन्दिर तथा भवन निर्माणका सहयोगदातालाई सम्मान गरिएको थियो।

# एन प्याब्सन कास्कीको लोक नृत्य प्रतियोगितामा अक्सफोर्ड प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**



राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसियसन नेपाल (नेशनल प्याब्सन) कास्कीले आयोजना गरेको १४ औं लोक नृत्य प्रतियोगितामा अक्सफोर्ड वोर्डिङ स्कूल प्रथम भएको छ।

प्रतियोगितामा राइजिङ स्टार एकेडेमी द्धितीय, कास्की मोडनाइज्ड एकेडेमी तृतीय र ज्ञान ज्योति विद्याकुञ्ज मावि सान्त्वना भएका छन् । विजयी समूहलाई वरिष्ठ नृत्य निर्देशक बृद्धिप्रसाद गुरुङ गौरी, एन प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र मोहन भट्टराई, गण्डकी प्रदेश अध्यक्ष याम खड्का, कास्कीका अध्यक्ष हेमन्त अधिकारी,कोषाध्यक्ष रत्ना गुरुङ, युनिप्स नेपालका अध्यक्ष सन्तबहादुर गुरुङलगायतले ट्रफी मेडल र प्रमाण पत्र प्रदान गरेका थिए । कार्यक्रमको निर्णायकमा मनबहादुर गुरुङ माधव, प्रदिप मान श्रेष्ठ र ऋषिकेश श्रेष्ठ रहेका थिए। कार्यक्रममा वरिष्ठ नृत्य निर्देशक बृद्धिप्रसाद गुरुङ गौरीलाई दोसल्ला ओढाई सम्मान पत्रले सम्मान गरिएको थियो । विद्यार्थीलाई सैद्धान्तिक ज्ञानमा मात्र सिमित नगराई व्ययवहारीक ज्ञानसँगै नेपाली मौलिक संस्कृतिको ज्ञान दिने अभिप्रायले यो प्रतियोगिता आयोजना गरिएको हो। नेशनल प्याब्सन कास्कीले स्थापना काल देखि नै शैक्षिक विकासका निमित्त विद्यार्थी, शिक्षक र अभिभावकहरुकाबीच विभिन्न शैक्षिक तथा सहक्रियाकलाप गर्दै आएको छ। कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सरकारका शिक्षा संस्कृति, विज्ञान, प्रविधि, तथा समाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले रोजगार सिर्जना गर्ने शिक्षा आजको आवश्यकता भएको बताए । 'हाम्रो शिक्षा प्रणाली वेरोजगार जन्माउने थलो जस्तो भएको छ' उनले भने,'अवको शिक्षा प्रणाली स्वरोजगार वनाउने खालको हुनुपर्दछ तपाईहरु त्यता तिर लाग्नुहोस् ।' उनले निजि विद्यालयसँग सँगै हातोमाले गरेर अगाडि बढ्न नेपाल सरकार सधै तयार रहेको बताए। 'निजि विद्यालयका समस्य वुझेर नेपाल सरकार सधै हातेमाले गर्न तयार छ' उनले भने,' तपाईहरु पनि सरकारको निति निर्देशनमा रहेर शिक्षा मार्फत समृद्ध समाज बनाउन तल्लिन हुनुहोस् ।'

सम्मानिति व्यक्तित्व वरिष्ठ नृत्य निर्देशक बुद्धिप्रसाद गुरुङ गौरीले निरन्तरता नै सफलताको सिढी भएकोले निरन्तर लागि परे सफल भईने बताए। नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव मनकाजी गुरुङ, सहसचिव प्रेमराज अधिकारी, अतिरिक्त क्रियाकलाप प्रमुख तथा नेशनल प्याब्सन कास्कीका सहकोषाध्यक्ष राजु केसी कार्यक्रम संयोजक तथा नेशनल प्याब्सन कास्कीका सदस्य राजु कायस्थ सदस्य शिवलाल पौडेलले बोलेका थिए।

# कास्कीका क्रिकेट अफिसियलहरुलाई ज्याकेट हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**




कास्की जिल्ला क्रिकेट संघले कास्कीको क्रिकेटमा लामो समयदेखि अफिसियलको भूमिका निर्वाह गर्दै आएका क्रिकेट अफिसियलहरुलाई ज्याकेट हस्तान्तण गरेको छ।

संघ कास्कीले शनिबार विहान पोखरा रंगशालामा एक समारोहका विच उनीहरुलाई नौं थान ज्याकेट हस्तान्तरण गरेको हो । संघ कास्की उपाध्यक्ष दिपेन्द्र प्रताप चन्दले अफिसियल दिलिप अग्रहरीलाई उक्त सामग्री हस्तान्तरण गर्नुभएको हो । सामग्री हस्तान्तरण गर्दै उपाध्यक्ष चन्दले उहाँहरुले क्रिकेट क्षेत्रमा अफिसियल पनि महत्वपूर्ण पक्ष भएको औल्याउनुभयो । साथै संघले छिट्टैनै संघ कास्कीका पदाधिकारीहरुका लागि पनि अफिसियल ज्याकेट हस्तान्तरण गरिने जनाउनुभयो। सो अवसरमा संघका कोषाध्यक्ष बिरेन्द्र पुन, पूर्व कोषाध्यक्ष जिम्मी गुरुङ, कार्यसमिति सदस्य ऋषिकेश सर्मा, गोविन्द प्रधान लगायतको उपस्थित रहेको थियो।

पत्रकार विनोद लामिछानेले सहयोग हस्तान्तरण कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# शनिबारीय टी-२० क्रिकेट लिगम राईजिङसँग माछापुच्छ्रे पराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**



कप्तान अमृत गुरुङले व्याटिङ र बलिङमा अलराण्डर प्रदर्शन गरेपछि राईजिङ क्रिकेट क्लबले माछापुच्छ्रे क्रिकेट क्लबलाई दुई विकेटले पराजित गरेको छ।

कास्की जिल्ला क्रिकेट संघले आयोजना गरेको शनिबारीय टी-२० क्रिकेट लिग अन्तर्गत राईजिङले माछापुच्छ्रे क्लबले दिएको १२८ रनको लक्ष्यलाई ८ विकेटको क्षतिमा अन्तिम ओभरमा पुरा गर्‍यो। अन्तिम ओभरको चार बलमा दुई रन आवश्यक परेको अवस्थामा स्ट्राईकमा रहेका कृष्ण पौडेलले विजयी सट हिर्काए। तीन बल बाँकी छँदा जित निकाल्दै वाईनकिङ टी-२० कास्की जिल्लास्तरीय क्लब च्याम्पियनसीपमा राईजिङले दुई अंक जोड्यो। अमृत गुरुङले २७ रन हिर्काउँदै जितको आधार तयार पार्दा उनकै बलिङमा माछापुच्छ्रे क्लबले भने धरासायी बन्न पुग्यो।

गुरुङले ४-०-२१-३ को बलिङ स्पेलमा माछापुच्छ्रे १२७ रनमा सबै विकेट गुमाउन पुग्यो । अर्का बलर विशाल रिमालले ३ ओभरमा ७ रन दिएर २ विकेट लिए । टस जितेर व्याटिङ गरेको माछापुच्छ्रे क्रिकेट क्लबले १९.५ ओभरमा सबै विकेट गुमाउँदै १२७ रन बनायो। पोखरा रंगशाला क्रिकेट मैदानमा भएको प्रतिस्पर्धामा माछापुच्छ्रेले अभिषेक थापाको २७ रनको इनिङ्समा १९.५ ओभरमा सबै विकेट गुमाउँदै १२७ रनको योगफल तयार पारेको थियाउे । ऋतिक थापा मगरले १८ रन बनाउँदा पुजन शर्माले १५ रनको योगदान रह्यो । जवाफी व्याटिङ गरेको राईजिङले आठ विकेटको क्षतिमा तीन बल बाँकी हुदाँ १२८ रनको चुनौतिलाई पन्छाएको थियो। कृष्ण पौडेलले अविजित २० रन जोडेपछि जित पक्का बनायो। निर्मल क्षत्रीले १७, विमल विक्रम खत्रीले १६ रनको योगदान दिए। विमल र कृष्णले पाँचौ विकेटको लागि ४८ रनको साझेदारी निभाउँदै जित उन्मुख बनाएका थिए।

बलिङ तर्फ अभिषेक थापाले ४ ओभरमा २० रन दिएर ३ विकेट लिए। प्रवीण ढकालले २ ओभरले १६ रन दिएर २ विकेट लिएका थिए। २ विकेट २७ रन लिएका राईजिङका अमृत गुरुङ खेलको प्लेयर अफ दि म्याच घोषित भए । कास्की क्रिकेट क्लब र अरण्यज्योति क्रिकेट क्लब बीचको खेल अंक बाँडियो । मैदान र पीचको अवस्था अनुसार अम्पायरले २० ओभरबाट खेल १० ओभरमा घटाएका थिए।

ओभर घटाईएको खेल खेल्न दुवै क्लबले अस्वीकार गरे। दुवै क्लबले खेल्न अस्वीकार गरेपछि अम्पायरको निर्णय अनुसार क्रिकेट संघले दुवैलाई एक-एक अंक प्राप्त गरेको जानकारी गरायो।

मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ।कसैलाईसामान्यमात्रप्रभाव पार्ने सरुवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ । त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सहिदको...

नगरपालिकाका तर्फबाट रु १० लाख उपलब्ध गराइएको छ भन्नुभयो। कांग्रेस जिल्ला सभापति जीतप्रकाश आलेले लोकतान्त्रिक आन्दोलनमा ज्यान गुमाएका सहिदलाई पार्टीले सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। स्व विक्रम परियार शालिक तथा पार्क निर्माण समितिले रु ११ लाखको लागतमा परियारको अर्धकदको शालिक निर्माण गर्न लगाएको थियो । व्यास नगरपालिका-१२ का वीर उपरकोटीले सहिद परियारको शालिक निर्माण गर्नुभएको थियो।पार्कलाई थप व्यवस्थित गर्न बाँकी रहेको समितिका अध्यक्ष होमबहादुर बस्नेतले जानकारी दिनुभयो । गायन क्षेत्रमा सक्रिय परियारको विसं २०७४ वैशाख ३१ गते स्थानीय तहको निर्वाचनको मतदान सकिएपछि केही युवाले हत्या गरेका थिए। परियारको जन्म विसं २०३१ जेठ ११ गते बन्दीपुरको हुस्लाङमा भएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन् जो भाग्यलाई फुकाउँछन् र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# दोहोरो भूमिका छोड

नेपाली काङ्ग्रेस सभापति एवं प्रधानमन्त्री शेर बहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्तापछि गठबन्धन भत्किने चर्चा चलाइएको छानेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसंग काङ्ग्रेस र माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले भेट गरेका छनासात महिना अघि सत्ताबाट हटाइएका ओलीलाई मनाउन खोज्नु ओलीले उठाएको एजेन्डा राजनीतिक रुपमा उचित रहेको देखिन्छ । काङ्ग्रेस नेतृत्वको सरकार अस्थिर बनाउन गठबन्धनका नेताहरू दोहोरो भुमिका खेलेका छन । पटकपटक कुरा फेर्ने नेताका कारण जनतालाई भ्रुक्याउने काम भएको छा सत्तारूढ गठबन्धनका प्रमुख दुई घटक नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)का नेताले गठबन्धन नभत्किने गरी एमसीसीमा सहमति खोज्ने प्रयास जारी राखेका छन् ।

शनिबार सिंहदरबारमा दुई दलका प्रमुख नेताहरूबीच गठबन्धनलाई जारी राख्ने र एमसीसीमा सहमति जुटाउन छलफल भएको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमसीसीमा सहमतिको बाटो पहिल्याउने प्रयास भइरहेको जानकारी दिएका छनासमस्याको समाधान हुने गरी छलफल भइरहेको गठबन्धन नटुट्नका लागि हो । नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले यथास्थितिमा एमसीसी अनुमोदन गर्न नसक्ने अडान कायम राखेका छनाएमसीसीको मुद्दाले धेरै विषयलाई असर पार्ने भएकाले संसद्धा हुने निष्कर्षले नयाँ घटनाक्रम पैदा हुने आकलन गरिएको छ ।

माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले एमसीसीमा मध्यमार्गी विकल्पका विषयमा कुनै छलफल नभएको बताए । उनले मुलुकको हितविपरीतका प्रावधानलाई नसच्याएसम्म एमसीसीलाई पारित गर्न नसकिने निर्णय कायमै रहेको बताउदै आएका छन । एमसीसीका बारेमा मतभेद भएपछि गठबन्धन घटक दलहरू आन्तरिक छलफलमा व्यस्त भएका छना एमसीसीका कारण काङ्ग्रेसले ओली र प्रचण्ड दुवैलाई वार्तामा ब्यस्त बनाएको छ । कम्युनिस्टहरू नमिलेपछि काङ्ग्रेसले सबैलाई मिलाउन सक्छ भन्ने सन्देश दिएको छ ।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : मानसिक तनाव |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



# बेँसीसहर-चामे सडक १५ दिन बन्द हुने

**पोखरापत्र संवाददाता**
**लमजुङ, १४ फागुन**

लमजुङ र मनाङ जोड्ने बेँसीसहर-चामे सडक १५ दिन बन्द हुने भएको छ ।

यस सडकखण्डको तिमाङ छहरामा रहेको काठे पुल जीर्ण भएकाले कल्भर्ट निर्माणका लागि यही २० देखि चैत ५ गतेसम्मका लागि सडक बन्द हुने डुम्रे बेँसीसहर चामे सडक योजना कार्यालयका सवइन्जिनियर हरि श्रेष्ठले बताउनुभयो । मनाङको नार्सो गाउँपालिका वडा नं ९ स्थित तिमाङ छहरामा दुई ठाउँमा कल्भर्ट निर्माण गर्न लागिएको हो । त्यहाँ गत असारमा आएको बाढीले काठेपुल बगाएको थियो । पछि पुनः काठेपुल राखेर यातायात सञ्चालनमा भएकोमा गत कात्तिकमा आएको बाढी पहिराले समेत काठेपुल बगाएको थियो । त्यसपछि राखिएको काठेपुल जीर्ण हुँदै गएको र आगामी बर्खायाममा फेरी समस्या उत्पन्न हुने भएकाले व्यवस्थित गर्न ढलानसहितको स्ल्याब कल्भर्ट निर्माण सुरु गर्न लागेको उहाँको भनाइ छ। मनाङलाई सडक सञ्जालमा जोड्ने सरकारको योजना अनुरुप विसं २०५१ बाट सडक डिभिजन कार्यालय दमौली तनहुँले बेँसीसहर चामे सडक निर्माण अघि बढाएको थियो । सो सडकको ६५ किलोमिटरमध्ये लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किलोमिटर रहेको छ ।

# गोपी धरम र नविन राजु जोडी डबल्स फाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**



गोपीबहादुर भट्टराई र धरमसिंह लामिछानेको जोडिले नविन श्रेष्ठ र राजु गुरुङको जोडीसंग पोखरामा जारी रेवान पोखरा भेट्रान्स टेनिस प्रतियोगिताको डबल्सतर्फ उपाधीका लागि भिड्ने भएका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी प्रतियोगिता अन्तर्गत शनिबार सम्पन्न डबल्सतर्फको सेमिफाइनल खेलहरुमा जित हाँसिल उनीहरुले उपाधीका लागि अन्तिम प्रतिस्पर्धा निश्चित गरेका हुन् । प्रतियोगिता अन्तर्गत पहिलो सेमिफाइनलमा गोपी र धरम जोडीले लोक गुरुङ र राजन पौडेलको जोडीमाथि ६-४, ७-५ को नजित निकाल्दै फाइनलमा स्थान सुरक्षित पार्दा अर्को सेमिफाइनलमा नविन श्रेष्ठ र राजु गुरुङको जोडीले नविन चालिसे र शरण गुरुङको जोडीमाथि ६-४, ६-३ को सोभो सेटमा खेल आफ्नो पक्षमा पार्दै फाइनलमा स्थान पक्का गरेका हुन् । रेवा पोखराको मुख्य प्रायोजनमा जारी प्रतियोगिता अन्तर्गत सिनियर भेट्रान्सको एकल उपाधीका लागि गोपीबहादुर भट्टराई र राजन पौडेलविच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताका फाइनल खेलहरु आइतबार बिहान हुने आयोजक संघले जनाएको छ ।

प्रतियोगितामा खुल्ला एकलतर्फका विजेताले नगद १५ हजार तथा दोश्रो हुनेले नगद ७ हजार ५ सय सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । डबल्सतर्फ विजेताले नगद १० हजार तथा उपविजेताले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । नवप्रवेशितर्फका विजेता र उपविजेताले ट्रफि पुरस्कार प्राप्त गर्नेछन् ।

# एमसिसी नेपालको हितमा छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ फागुन**

नेपाली काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले एमसिसी पास राष्ट्घाती हुन नसक्ने बताउनुभएको छ । शालिक तथा पार्क निर्माण समितिको आयोजना तथा नेकां सहिद विक्रम परियारको अर्धकदको शालिक आज अनावरण गर्दै नेता पौडेलले सो कुरा बताउनुभएको हो ।

एमसिसी सम्भौतामा हस्ताक्षर गरेर कम्युनिष्ट घटक अहिले आएर पन्छिने गरेको उहाँले आरोप लगाउनुभयो । गरिबीपनले हिंसा र आतङ्कजस्ता गतिविधि हुँदै गएको उल्लेख गर्दै नेता पौडेलले नेपालमा विद्युतीय क्षमता बढाएर आर्थिक पक्षमा सबल भई गरिबी हटाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । लोकतन्त्र र प्रजातन्त्रको रक्षाका लागि स्व परियारले महत्वपूर्ण योगदान पुऱ्याएको चर्चा गर्दै उहाँले पार्टीले सहिदका रूपमा सम्मान गरेको बताउनुभयो । पार्टीका केन्द्रीय सदस्य शङ्कर भण्डारीले काग्रेसले सहिदको सम्मान गर्दै समृद्ध नेपाल निर्माणका लागि लाग्नुपर्ने बताउनुभयो ।

कलाकारिता क्षेत्रमा नक्षेत्रका रूपमा उदाएका स्व परियारको बाँकी सपना पूरा गर्न र सहिद पार्क निर्माण गर्न पार्टीले पहलकदमी थाल्नुपर्नेमा जोड दिनुभएको थियो । अर्का केन्द्रीय सदस्य गोविन्द भट्टराईले कम्युनिष्ट घटकहरूले एमसिसी माग गरेर मुहर्त रूप दिने अवस्थामा भागेको आरोप लगाउनुभयो । अमेरिकाले सितैमा दिएको अनुदानमा बार्गेनिङ गर्नुका साथै चुनावको मुद्दा बनाएर आर्थिक सङ्कटमा धकेल्ने षड्यन्त्र भएको बताउनुभयो ।

गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्माले स्व सहिद परियारको परिवार र नेकांबीच पारिवारिक साथ कायम गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । व्यासनगरपालिकाको रु ११ लाख एक हजार २५० को लागतमा स्व परियारको अर्धकदको शालिक निर्माण गरिएको हो ।

# झोलुङ्गे पुल बनेपछि यात्राअवधि छोट्टियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ फागुन**

धौलागिरि गाउँपालिका-४ नाउराको कोपिलाघाटस्थित म्याग्दी नदीमा झोलुङ्गे पुल निर्माण भएपछि यात्राअवधि छोट्टिएको छ ।

भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्ने नाउरा र चेचुङको सिमाना भएर बग्ने नदीमा बनेको पुलले जोखिमपूर्ण र घुमाउरो बाटोको यात्रा गर्नुपर्ने समस्या हटेको हो । नाउराका बासिन्दा रिम रोकाले चार घण्टा घुमाउरो बाटोको यात्रा गर्नुपर्नेमा पुल बनेपछि एक घण्टामै पुग्न सकिने बताउनुभयो । "नाउरा-चेचुङ आवतजावत गर्न खिवाङ हुँदै चार घण्टा हिँड्नु पर्दथ्यो", उहाँले भन्नुभयो, "पुल बनेपछि एक घण्टामै पुग्न सकिन्छ । जङ्गल, भिर र खोल्साको जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता हटेको छ।"

धौलागिरि गाउँपालिकाले नाउराको कोपिलाघाटमा ६७ मिटर लामो झोलुङ्गे पुल निर्माण गरेको हो । रु ४० लाख ९४ हजार ४०५ को लागतमा निर्माण भएको कोपिलाघाटको झोलुङ्गे पुलबाट नाउरा र चेचुङका ३९ घरधुरी लाभान्वित भएका गाउँपालिकाका प्राविधिक दिलीप थापाले बताउनुभयो । धौलागिरि गाउँपालिकाले गत वर्ष सुरु गरेको सात वटामध्ये हालसम्म तीन वटा निर्माण सकिएका छन् । यसअघि वडा नम्बर ६ मराङको अस्कारे खोलामा रु ३० लाख ५० हजारको लागतमा ३५ मिटर लामो ट्रस प्रविधिको पुल निर्माण भएको थियो । सो पुलबाट मल्कवाङ, मराङ, आरबाङ, हाडबाङ, औसीबाङ, भिडिखाल्टा र घुगाङाको कुइनेका ७०० घरधुरी लाभान्वित भएका उपभोक्ता समितिका अध्यक्ष जित गर्बुजाले बताउनुभयो ।

यसैगरी धौलागिरि गाउँपालिका-२ को आवासखोलामा रु ३२ लाख ४१ हजार ८५९ को लागतमा निर्माण भएको ३२ मिटर ट्रस पुलबाट खोरियाका १०० घरधुरी लाभान्वित भएका छन् । पुल निर्माण भएपछि बर्खायाममा जोखिम मोलेर आवतजावत गर्नुपर्ने बाध्यता हटेको छ । पुल निर्माणका लागि टिबिएसयुको स्वाप कार्यक्रमले लठ्ठा र बुल्डअपग्रिप उपलब्ध गराएको थियो । गाउँपालिकाले स्टिल डेग खरिद र ढुवानी गरेको हो ।

# १५५ संक्रमित थपिए

**रासस**
**काठमाडौं, १४ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप १५५ जनामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको छ भने थप दुई जनाले ज्यान गुमाएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय पाँच हजार १५२ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो । यससँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७६ हजार ७७१ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ३९ हजार ३०९ रहेको छ । पछिल्लो समय थप ५४० जना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ५५ हजार ९९८ पुगेको छ ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९३४ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप दुई जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । यस रोगबाट हुने मृत्युदर १.२ प्रतिशत रहेको छ । त्यसैगरी पछिल्लो समय एक लाख २९ हजार ११९ जनाले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ । हाल सक्रिय संक्रमितको संख्या आठ हजार ८३९ रहेको छ । अहिले होम आइसोलेसनमा आठ हजार ५७८ रहेका छन् । त्यसैगरी संस्थागत आइसोलेसनमा २६१, आइसीयूमा ९२ र भेन्टिलेटरमा १४ जनाले उपचार गराइरहेका छन् ।

# पर्यटन पुनरुत्थानका लागि जलयात्रा

**पोखरापत्र संवाददाता**
**गण्डकी, १४ फागुन**

कोरोना प्रभावित पर्यटनको पुनरुत्थानको उद्देश्यका साथ पर्यटक यातायात व्यवसायी सङ्घ गण्डकी प्रदेशको आयोजनामा धादिङको विशालटारस्थित मालिङ्गादेखि चरौदीसम्म जलयात्रा गराइएको छ ।

सङ्घ आबद्ध ४० जना पर्यटन व्यवसायी सम्मिलित झण्डै १२ किरोमिटर दूरीको उक्त जलयात्रा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन र बूढीगण्डकी हाइवे रेष्टुरेन्टको सहयोगमा गरिएको सङ्घका अध्यक्ष बाबुराम पाण्डेले जानकारी दिनुभयो ।

कोरोनाका कारण लामो समयसम्म प्रभावित पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउन पर्यटकीय गतिविधि चलायमान बनाउनुपर्ने आवश्यकतालाई दृष्टिगत गर्दै जलयात्रा गराइएको उहाँले बताउनुभयो ।

"कोरोनाले पर्यटकीय गतिविधि ठप्प हुँदा व्यवसायीमा समेत निराशा छाएको छ", उहाँले भन्नुभयो, "व्यवसायीलाई थप उत्साहित एवं अभिप्रेरित गर्दै पर्यटकीय गतिविधि बढ्न थालेको सङ्केत दिनका लागि पनि हामीले जलयात्रा आयोजना गरेका हौं ।"

कोरोना प्रभावित पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउन पर्यटन सम्बद्ध सबै सङ्घसंस्थाको सक्रियता अपरिहार्य भएको उहाँले बताउनुभयो । सङ्घको आयोजनामा विगतका वर्षमा पनि नवलपुर क्षेत्रका साथै सुपा देउराली, स्वर्गद्वारीआदि स्थानको धार्मिक पर्यटन प्रवर्द्धनसँगै विभिन्न पर्यटन लक्षित तालिम, अन्तर्क्रिया गरिँदै आइएको छ ।

# खोपमा सबैको पहुँच पुऱ्याउन अन्तर्राष्ट्रिय समुदायसमक्ष नेपालको आह्वान

**रासस**
**काठमाडौं, १४ फागुन**

परराष्ट्रमन्त्री डा नारायण खड्काले अहिलेको महामारीलाई साझा विश्वव्यापी समस्याका रूपमा स्वीकार गर्दै खोपमा सबैको पहुँच पुऱ्याउन र त्यसलाई सस्तो बनाउन सुदृढ प्रयासका निम्ति अन्तर्राष्ट्रिय समुदायसमक्ष आह्वान गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घ महासभाका अध्यक्षले विश्वव्यापी खोपसम्बन्धमा आयोजना गर्नुभएको उच्च-स्तरीय बहसलाई आज यहाँबाट सम्बोधन गर्दै उहाँले महामारीको रोकथामका लागि विश्वव्यापी खोप नै भरपर्दो माध्यम भएको बताउनुभयो ।

निष्पक्ष रुपमा खोपको प्राप्तिलाई प्रवर्द्धन गर्नेतर्फ सबैको ध्यान केन्द्रित गर्नुपर्नेमा परराष्ट्रमन्त्रीले जोड दिनुभयो । कोभिड-१९ महामारीका कारण गरिब देशहरू ठूला आर्थिक चुनौतीबाट पिरोलिएका यथार्थ प्रस्तुत गर्दै मन्त्री खड्काले ती देशहरूलाई उनीहरूको अर्थतन्त्रलाई पुनरुत्थान गर्न लचिलो र जन-केन्द्रित पुनरुत्थान योजना र स्रोतको परिचालन अत्यावश्यक भएको बताउनुभयो । नेपालमा खोपमा भएको प्रगतिबारे जानकारी दिँदै उहाँले आगामी चैत मसान्तसम्म १२ वर्षभन्दा माथिका सबै नागरिकलाई खोप लगाइसक्ने लक्ष्य निर्धारण गरिएको बताउनुभयो । उहाँले नेपाललाई खोप उपलब्ध गराउने उदार सहयोगका लागि छिमेकी र अन्य मित्रराष्ट्र, विकास साझेदार र गाभी कोभ्याक्सप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । संयुक्त राष्ट्रसङ्घको ७६औँ महासभाको प्राथमिकताका विषयका रूपमा 'कोभिड-१९ बाट मुक्ति'लाई केन्द्रमा राखेर महासभाका अध्यक्षले बहस आयोजना गर्नुभएको हो । कार्यक्रममा १२० भन्दा बढी देशका नेताले भाग लिनुभएको थियो ।

# चितवनमा नयाँ प्रजातिको चरा फेला

**रासस**
**चितवन, १४ फागुन**

जिल्लामा नयाँ प्रजातिको चरा फेला परेको छ । चितवन राष्ट्रिय निकुञ्जको कुमरोज मध्यवर्ती क्षेत्रस्थित शिव मन्दिर नजिकै सिसौको बोटमा सल्ले बगेडी चरा फेला परेको हो ।

नेपाल पक्षी विद् सङ्घ बागमतीका संयोजक वासु विडारीका अनुसार हिमाली क्षेत्रमा पाइने यो चरा चितवनमा पहिलो पटक भेटिएको हो । हिमाली क्षेत्रमा चिसो बढेको र खानाको अभाव भएपछि यहाँ झरेको हुनसक्ने संयोजक विडारीको भनाइ छ । बर्ड एजुकेशन सोसाइटी चितवनका पूर्वअध्यक्षसमेत रहनुभएका विडारीका अनुसार फोटोग्राफर चूडामणि चौधरी र प्रेम बन्जनले तस्वीर खिचेर ल्याएपछि विज्ञ टोलीले हेरेर पहिचान गरिएको हो ।

यो चरा समुन्द्री सतहबाट दुई हजार ४४० देखि तीन हजार ५० मिटर उचाइमा पाइने गर्दछ । अनुगमनका क्रममा एक जोडी सल्ले बगेडी फेला परेको बर्ड एजुकेसन सोसाइटी चितवनका अध्यक्ष रमेश चौधरीले जानकारी दिनुभयो । नेपालमा १५ प्रजातिको बगेडी पाइने गरेकामा योसमेत चितवनमा मात्र १० प्रजातिको बगेडी पुगेको छ । लजालु स्वभावको यो चरा घाँसे मैदान र खेतबारीको वरिपरि पाइने गर्दछ । खासगरी यो चरा युरेपेली देशमा पाइने र नेपाललगायत एसियाको चीन, अफगानिस्तानमा पनि पाइने गरेको छ । यो नयाँ प्रजातिको बगेडी फेला परेपछि जिल्लामा ६५९ प्रजाति चरा पुगेको चौधरीले जानकारी दिनुभयो । चितवन राष्ट्रिय निकुञ्ज र आसपासको क्षेत्र चराका लागि उपयुक्त बासस्थान मानिन्छ । यहाँ वन्यजन्तुसँगै चरा अवलोकन गर्न पर्यटक आउने गर्दछन् ।

# पर्यटन पुर्नरुत्थानका लागि जलयात्रा

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

कोरोना प्रभावित पर्यटनको पुर्नरुत्थानको उद्देश्यका साथ नेपाल पर्यटक यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेशको आयोजनामा धादिङको विशालटारस्थित मालिङ्गादेखि चरौदीसम्म जलयात्रा गराइएको छ।

संघ आवद्ध ४० जना पर्यटन व्यवसायी सम्मिलित झण्डै १२ किरोमिटर दुरीको उक्त जलयात्रा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन र बुडी गण्डकी हाइवे रेष्टुरेन्टको सहयोगमा गरिएको संघका अध्यक्ष बाबुराम पाण्डेले जानकारी दिनुभयो। कोरोनाका कारण लामो समयसम्म प्रभावित पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउन पर्यटकीय गतिविधि चलायमान बनाउनुपर्ने आवश्यकतालाई दृष्टिगत गर्दै जलयात्रा गराइएको उहाँले बताउनुभयो। "कोरोनाले पर्यटकीय गतिविधि ठप्प हुँदा व्यवसायीमा समेत निराशा छाएको छ", उहाँले भन्नुभयो, "व्यवसायीलाई थप उत्साहित एवम् अभिप्रेरित गर्दै पर्यटकीय गतिविधि बढ्न थालेको संकेत दिनका लागि पनि हामीले जलयात्रा आयोजना गरेका हौं।" कोरोना प्रभावित पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउन पर्यटन सम्बद्ध सबै संघसंस्थाको सकृयता अपरिहार्य भएको उहाँले बताउनुभयो। संघको आयोजनामा विगतका वर्षमा पनि नवलपुर क्षेत्रका साथै सुपा देउराली, स्वर्गद्वारी आदि स्थानको धार्मिक पर्यटन प्रवर्द्धनसँगै विभिन्न पर्यटन लक्षित तालिम, अन्तरक्रिया गरिदै आइएको छ।



# कुश्मामा पूर्वाधार तथा आयआर्जनमूलक कार्यक्रम

पोखरापत्र संवाददाता
म्याग्दी, १४ फागुन

पर्वतको कुश्मा नगरपालिकामा भौतिक पूर्वाधार विकास तथा आयआर्जनमूलक पूर्वाधार निर्माणको कार्यक्रम सुरु गरिने भएको छ।

नगरपालिकाको आवश्यकताअनुसारको विभिन्न भौतिक पूर्वाधार निर्माण गर्न तथा आयआर्जनसम्बन्धी पूर्वाधारमूलक कार्यक्रम सञ्चालनका लागि सघन सहरी विकास तथा भवन निर्माण विभागसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने सहमति भएको हो। सघन सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक पदमकुमार मैनाली र कुश्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीबीच कार्यविधिमा शुक्रबार हस्ताक्षर भएको छ। नगरप्रमुख जोशीले कुश्मा नगरपालिकाभित्रका सबै वडाका कच्ची सडक कालोपत्र र ग्राभेल गर्ने योजना रहेको बताउनुभयो। यस्तै नाली निर्माणदेखि आयआर्जनमूलक उद्यम विकासमा पनि कार्यक्रमले सहयोग गर्ने उहाँले जानकारी दिनुभयो। सबै वडामा एउटा न एउटा योजना पर्ने गरी कार्यक्रम तर्जुमा गरिने जोशीले जानकारी दिनुभएको छ। केही योजना सङ्कलन भइसकेको र योजना सङ्कलनको काम भइरहेकाले नगरपालिकाले विस्तृत योजना बनाएपछि योजनाको विस्तृत अध्ययन हुने र तत्पश्चात् कामको सुरुआत हुने नगरप्रमुख जोशीले बताउनुभयो। नगरउपप्रमुख सीता काफ्ले लामिछानेले सहरोन्मुखकुश्मामाआवश्यकताको आधारमा योजना छनोट गरी कार्यक्रम सञ्चालन गरिने बताउनुभयो। आफूहरू निर्वाचित भएपछि नगरपालिकाको समग्र विकासमा ध्यान दिँदादिँदै बजेटको अभावमा कतिपय योजना अधुरा रहेको अवस्थामा यो कार्यक्रमले पूर्वाधार विकासमा महत्वपूर्ण योगदान गर्ने उल्लेख गर्नुभएको थियो। कुश्मा नगरपालिकामा उक्त कार्यक्रम सञ्चालनका लागि रु ५० करोड बराबरको आर्थिक सहयोग प्राप्त हुने भएको छ। चालु वर्ष योजना सुरु भए पनि अधिकांश योजना बहुवर्षे कार्यक्रममा समावेश हुने जनाइएको छ। कार्यक्रम कसरी अघि बढाउने भन्नेबारे शुक्रबार नगरपालिकामा छलफल भएको थियो। यसैबीच कुश्मामा बसपार्क निर्माणका लागि सघन सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय बागलुङमार्फत योजना अगाडि बढाउन नगरपालिकाले सिफारिस गरेको छ। सिटीहलसहितको बसपार्क निर्माण गर्ने गुरुयोजना भए पनि चालु वर्ष रु १० करोड मात्र बजेट प्राप्त भएकाले उक्त बजेटमार्फत कामको सुरुआत गर्न कार्यालयलाई नगरपालिकाले सिफारिस गरेको हो।

सिटीहलसहित बसपार्क निर्माण गर्न रु ७५ करोड बराबरको विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ। बहुवर्षे योजनामा समावेश भएको सिटीहलसहित बसपार्क निर्माण गर्ने भन्दै कुश्मा नगरपालिकाले गौरवको योजनाको रुपमा अगाडि सारेको छ।

# बैंकको जागिर छाडेर व्यावसायिक कालिजपालन

पोखरापत्र संवाददाता
म्याग्दी, १४ फागुन

म्याग्दी सदरमुकाम बेनीबजारसँग सिमाना जोडिएको पर्वतको जलजला गाउँपालिका-७ लस्तीका युवा यामनाथ आचार्यले बैंकको जागिर छोडेर कृषि पेसा रोज्नुभएको छ। आचार्य बैंकिङ क्षेत्रको जागिरै छाडेर व्यावसायिकरुपमा कालिजपालनमा लाग्नुभएको हो। उहाँले लस्ती कृषि तथा पशुपन्छी फर्म दर्ता गरेर कालिज, टर्की, हाँस, बाखा र माछापालन गर्नुभएको छ। रु ३५ लाख लगानीबाट 'जङ्गली कुखुरा' भनेर चिनिने कालिजको व्यावसायिकपालन सुरु गर्नुभएका आचार्यले यस पेसामा धेरै सम्भावना रहेको बुझेपछि व्यवसायलाई थप लगानी र अझै व्यवस्थित बनाउनुभएको छ।

कालिजको मासु र अण्डा अरू पन्छीको भन्दा महँगोमा बिक्री हुन थालेपछि कालिजपालनमा लगानी थपेर थप व्यवस्थित बनाएको उहाँले बताउनुभयो। उहाँको फार्ममा अहिले बिक्री भएर बँचेका १०० भन्दा बढी कालिज छन्। तीन सयभन्दा बढी कालिज बिक्री गरिसकेको उहाँले जानकारी दिनुभयो।

पौने दुई किलोसम्मको एउटा कालिज रु तीन हजार ५०० देखि चार हजारसम्ममा बिक्री हुनेगरेको छ। कालिज प्रजातिका चरामा रोगप्रतिरोधी क्षमता बढी हुनाले जोखिम कम रहेको उहाँको भनाइ छ। कालिजका लागि उहाँले रैथाने आहारा (मकै, गहुँ, कोदो) का साथै बजारबाट आयातित दाना खुवाउने गर्नुभएको छ। हरियो भुइँ तथा डालेघाँसबाट पनि उहाँले कालिजलाई दानाको व्यवस्थापन गरेको बताउनुभयो। उहाँको फार्ममा तीन व्यक्तिले रोजगारी पाएका छन्।

निकट भविष्यमा 'ह्याचिङ मेसिन' राखेर आफैं चल्ला उत्पादन गर्ने र मासुका लागि भाले कालिजको सङ्ख्या बढाउने उहाँको योजना छ। पाँच महिनामा करिब दुई किलो तौल हुने र ती कालिज मासु खानका लागि योग्य हुने उहाँले जानकारी दिनुभयो। कालिजको मासु सबैका लागि स्वादिष्ट र उपयोगी हुने भए पनि विशेष गरी युरिक एसिड भएका व्यक्ति र सुत्केरीका लागि हितकारक हुने बताइएको छ।

कालिजलाई दाना र घाँस दुवै दिएर पाल्न सकिन्छ। आहारामा समेत कम खर्च लाग्छ। यद्यपि कालिज आकाशमै उड्न सक्ने भएकाले सबैतिर जालीले छेक्नुपर्छ। त्यसैले खोर बनाउन भने खर्चिलो हुन्छ। आफ्नै जग्गामा अहिले पूर्वाधार विस्तारको समेत काम भइरहेको र बाखा तथा कालिजपालनलाई प्राथमिकता दिने उहाँले बताउनुभयो। उहाँको फार्ममा कालिज, टर्की र बाखा छन्। तीनवटा पोखरीमा माछापालन पनि सुरु गर्नुभएको छ। जलजला गाउँपालिकाले पनि व्यावसायिक कृषि क्षेत्रमा लाग्नेलाई प्रोत्साहनको नीति लिएको छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा यसकै लागि रु ४५ लाख बजेट विनियोजन गरेको गाउँपालिकाले जनाएको छ। नेपालमा कालिज प्रजातिका चरा लोप हुने अवस्थामा पुगेको भन्दै सरकारले संरक्षितको सूचीमा राखेको छ। यद्यपि यहाँ पछिल्लो समय विदेशी प्रजातिका कालिजको व्यावसायिक पालन थालिएको हो।

# युवा रेडक्रस पोखरा २६ मा बिकास रानाभाट

महेन्द्र ढुंगाना
लेखनाथ, १४ फागुन



नेपाल युवा रेडक्रस सर्कल पोखरा २६ को शनिबार सम्पन्न १९औं साधारण सभा तथा १० औ अधिबेशन बाट बिकास रानाभाट निर्बिरोध निर्बाचित भएका छन्। ११सदस्यीय समितिको उपाध्यक्षमा सूर्यचन्द राजभाट, सचिबमा तृप्ति भण्डारी, कोषाध्यक्ष मा सुशील ढुङ्गाना, सहसचिबमा विशाल रानाभाट, सहकोषाध्यक्षमा नवीन लामिछाने, र सदस्यहरूमा निर्मल भण्डारि, आदर्शमोहन भट्टराई, पुष्पा सुनार, सागर थापा मगर, अन्जिता ढुङ्गाना रहेका छन्। कार्यक्रमको उद्धाटन गर्दै ने रे सो कास्की शाखाका सदस्य राजेश घिमिरेले रेडक्रस एउटा साझा मानविय संस्था हो, यो बिशुद्द सेवाभाब राख्ने मानबिय अभिङ्ग अङ्ग हो र रेडक्रस का कार्यमा उत्तरदायित्व रहन्छ

त्यस्तै नेरेसो पोखरा २६का उपशाखाका सभापति शैलेन्द्र मोहन भट्टराईले रेडक्रस शाखाले अहिले तिब्र गतिले काम गरेको छ यसमा सबैले हातेमालो मिलेर सहयोग गर्नु हुन्छ। युवा सर्कलका अध्यक्ष सन्दिप ढुङ्गानाको अध्यक्षमा सम्पन्न कार्यक्रममा उपशाखाका पूर्ण सभापति मुरारि शर्मा, उपशाखाका सचिब दिपकनाथ भण्डारी, वडा प्रतिनिधि सर्मिला बि क, सर्कलका पुर्व अध्यक्ष विशाल ढुङ्गाना लगायतले रेडक्रस को उपयोगिता रआबश्यकतामाथि धारणा राखेका थिए भने कार्यक्रम मा स्वागत मन्तब्य सर्कलका अध्यक्ष एबं युवा सम्योजक महेन्द्र ढुङ्गानाले राखेको कार्यक्रम को सन्चालन सचिब बिकास रानाभाटले गरेका थिए।

# बागलुङ कालिकाको भेटी अब सिधैं बैंकको खातामा

पोखरापत्र संवाददाता
बागलुङ, १४ फागुन

बागलुङ कालिका मन्दिरको भेटी तथा सहयोग रकमलाई बैंकिङ प्रणालीमा व्यवस्थापन गर्नका लागि क्यूआर कोडमार्फत भुक्तानी सुरु भएको छ। प्रभु बैंक बागलुङ शाखाले मन्दिरलाई क्यूआर कोड उपलब्ध गराएको हो।

क्यूआर कोड हस्तान्तरण गर्दै नेपाल बैंकका निर्देशक तथा पोखरा कार्यालयका प्रमुख डा रामशरण खरेलले नोटको सुरक्षा, भेटी तथा सहयोग रकमको पारदर्शिता र असहज परिस्थितिमा भक्तजनको सहजताका लागि क्यूआर कोड सहयोगी बन्ने बताउनुभयो। 'देश डिजिटल युगमा प्रवेश गर्ने भनेको छ, अब हामी मन्दिरमा भेटी पनि डिजिटल माध्यमबाट चढाउन सक्छौं', उहाँले भन्नुभयो, 'नोटको सुरक्षामा यो प्रविधि निकै उपयुक्त हुनेछ।' मन्दिर र चाडपर्वका बेला नोटको प्रयोग हुँदा भिज्ने, च्यातिने, रङहरू लाग्नेलगायत समस्या हुने गरेको भन्दै उहाँले नोट छपाइमा लाग्ने राज्यको खर्च जोगाउन प्रविधि सहयोगी बन्ने बताउनुभयो। मन्दिर परिसरमा क्यूआर कोड राखिने छ। सबै भक्तजनको पहुँचमा हुने क्यूआर कोड स्क्यान गरेर कालिका भगवती मन्दिर गुठी व्यवस्थापन समितिको खातामा भक्तजन तथा दाताले सिधै रकम जम्मा गर्न सक्ने छन्। सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले आज मन्दिर परिसरमा एक कार्यक्रमको आयोजना गरेर कोड हस्तान्तरण गरेको हो। कार्यक्रममा बोल्दै नेकपा (एमाले) बागलुङका अध्यक्ष हीराबहादुर केसीले पर्यटकीय कालिका मन्दिरलाई प्रविधिमैत्री बनाउन लागेको खुसी व्यक्त गर्नुभयो। नेपाली कांग्रेस बागलुङका सचिव हरिहर शर्माले धार्मिक पर्यटनको विकासमा लाग्न सबैलाई आग्रह गर्नुभयो। नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेश कमिटी सदस्य कुसुम बुढाले बैंक तथा वित्तीय संस्थाले तल्लो वर्गका नागरिकको पहुँचमा पुगेर काम गर्नुपर्ने बताउनुभयो।

क्यूआर कोडको सुरुआत गर्दै प्रभु बैंक बागलुङ शाखाले कालिका मन्दिरको लागि रु पाँच हजार ५५५ र नेपाल बैंकका निर्देशक तथा पोखरा कार्यालयका प्रमुख डा रामशरण खरेलले रु एक हजार १११ सहयोग गर्नुभएको छ।

# युक्रेनमा रूसी आक्रामणको निन्दा गर्ने प्रस्ताव विफल

रासस
काठमाडौं, १४ फागुन

युक्रेनविरुद्ध रूसको 'आक्रामण' लाई 'अत्यन्तै कडा शब्दमा' विरोध गर्दै रूसी फौज तुरुन्त फिर्ता लिन माग गरिएको सङ्कल्प प्रस्ताव संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को बैठकबाट पारित हुन सकेन।

शुक्रबारको रूसको आक्रमणको विरोध गरिएको उक्त प्रस्तावलाई रूसले भिटो लगाएका कारण विफल भएको हो। रूसी आक्रमणको गम्भीर निन्दा गरिएको संकल्प प्रस्तावको पक्षमा सुरक्षा परिषद्का १५ मध्ये ११ देशले मतदान गरेका थिए। प्रस्ताव पारित हुनका लागि ९ देशको मत परेको भए हुनेथियो। तर रुसले भिटो प्रयोग गरेर प्रस्ताव विफल पारेको हो।

रुससहित अमेरिका, बेलायत, फ्रान्स र चीन सुरक्षा परिषद्का स्थायी सदस्य हुन् र उनीहरुमाथि भिटो शक्ति छ। रुसले आफ्नो निन्दा गरिएको प्रस्ताव विफल पार्नका लागि भिटो प्रयोग गरेको हो। प्रस्तावमाथि मतदान हुँदा भारत, चीन र युएई अनुपस्थित रहेका हुन्। संयुक्त राज्य अमेरिका र अल्बेनियाद्वारा सह-लेखन गरिएको यस प्रस्तावमा परिषद्का १५ सदस्यमध्ये ११ ले मतदान गरेका थिए भने चीन, भारत र संयुक्त अरब इमिरेट्सले सहभागिता जनाएनन्। परिषद्को स्थायी सदस्यको रूपमा मस्कोको भिटो शक्तिको कारण यो प्रस्तावना असफल हुने निश्चित प्रायः थियो। तथापि, यस बहसले सदस्य राष्ट्रहरूलाई रूसको छिमेकीविरुद्ध पूर्णआक्रमणको प्रक्षेपण गर्ने राष्ट्रपति भ्लादिमिर पुटिनको निर्णयको निन्दा गर्ने अवसर दिएको छ। मतदानपछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले युद्धले कसैलाई भलो नगर्ने जिकिर गर्दै भन्नुभयो, "सैनिक आफ्नो ब्यारेकमा फर्कनुपर्छ र नेताहरु वार्ता र शान्तिको बाटोमा लाग्नु पर्छ।" संयुक्त राष्ट्रसंघको मतदानपछि राष्ट्रसंघका लागि अमेरिकी राजदूतल लिन्डा थोमस-ग्रीनफिल्डले भन्नुभयो, "म एउटा कुरा स्पष्ट पार्न चाहन्छु। रुसले प्रस्तावलाई भिटो गर्न सक्नुहुन्छ, तर उसले हाम्रो आवाजलाई भिटो गर्न सक्दैन। सत्यलाई भिटो प्रयोग गर्न सक्दैन। उसले हाम्रो सिद्धान्तलाई भिटो गर्न सक्छ तर युक्रेनी जनतालाई भिटो गर्न सक्दैन।"

प्रस्तावनामा बढी समर्थन जुटाउन मतदान हुनुभन्दा केही घण्टाअघि सुरक्षा परिषद्सामु राखिएको प्रस्तावना खाकामा रहेका शब्दलाई मतदान हुनुभन्दा केही घण्टा पहिले नरम बनाइएको थियो। जस्तै : प्रस्तावनामा रहेको 'निन्दा' शब्दको ठाउँमा 'गम्भीर असहमति' गरिएको थियो र सदस्यहरूलाई शान्ति पुनः स्थापना गर्न सैन्य कारबाही गर्न अनुमति दिन्छ भन्ने संयुक्त राष्ट्रसंघको बडापत्रको अध्याय सातको सन्दर्भलाई हटाइएको थियो। उक्त प्रस्तावनाले युक्रेनको सार्वभौमिकतालाई पुनः पुष्टि गर्‍यो र रूसलाई 'तुरुन्तै युक्रेन विरुद्ध बलको प्रयोग बन्द गर्न' आह्वान गर्‍यो। अन्ततः ७० भन्दाबढी देशले यस प्रस्तावनाको सह-प्रायोजन गरे। संयुक्त राष्ट्रसंघका लागि बेलाइतका राजदूत बार्बरा वुडवर्डले भन्नुभयो, "गल्ती नगर्नुहोस्, रूस एक्लो छ। युक्रेनको आक्रमणलाई कसैको समर्थन छैन।" रूसको आक्रमणलाई 'उत्तेजक र हठी' भनी वर्णन गर्दै हामीलाई यस पहिले नै जानकारी भएझै यसले अन्तराष्ट्रिय प्रणालीलाई खतरामा पार्ने थोमस-ग्रिनफिल्डले बताउनुभएको थियो।

संयुक्त राष्ट्रसंघका लागि रूसी राजदूत भासिली नेबेन्जियाले उक्त प्रस्तावनालाई 'रूसी र युक्रेनी विरोधी' भनेर विरोध जनाउनुभयो। उहाँले भन्नुभयो, "हामीलाई आक्रमण को सङ्ख्याको आधारमा अमेरिकासँग प्रतिस्पर्धा गर्न कठिन छ। तपाईले नैतिकता कायम गर्न सक्नुहुन्न।" युक्रेनी राजदूत सर्गिय किस्लित्स्याले सदस्यलाई 'शान्तिको लागि प्रार्थना गर्न' आग्रह गर्दै केही समय हान्त बनेको सुरक्षा परिषद्को बैठक कक्षमा उभिनुभएको थियो। उहाँले नबेन्जियालाई पनि 'मुक्तिको निम्ति प्रार्थना' गर्न आग्रह गर्नुभएको थियो। किस्लित्स्याले "रूस नाजी शैलीको कार्यलाई निरन्तरता दिन उत्सुक रहेको आरोप लगाउँदा सहभागी सदस्यले व्यापकरूपमा ताली बजाएका थिए। आफ्नो देशको अपनत्व माथिको व्याख्या गर्दै चिनियाँ राजदूत झाङ जुनले नाटो विस्तारबारे उल्लेख गर्दै भन्नुभयो, "रुसको वैधानिक सुरक्षा आकांक्षालाई ध्यान दिएर उचित सम्बोधन गर्नुपर्छ।"

# जलवायु परिवर्तनका असरबारे ध्यानाकर्षण गराउन महिला पदयात्रा हुँदै

रासस
काठमाडौं, १४ फागुन

जलवायु परिवर्तनका असरबारे ध्यानाकर्षण गराउन काठमाडौंदेखि विश्वको अग्लो हिमाल सगरमाथाको आधारशिवर कालापत्थरसम्म पदयात्रा हुनेभएको छ।

यस वर्षको मार्च ८ अर्थात् अन्तर ष्ट्रिय नारी दिवसमा काठमाडौंदेखि कालापत्थरसम्म विभिन्न क्षेत्रका ४० जना महिलाले १३ दिने पदयात्रा गर्ने भएका हुन्। 'साथसाथै' संस्थाको आयोजनामा हुने पदयात्राका क्रममा यही फागुन १७ गते महिला टोली आधारशिवरतर्फ प्रस्थान हुने शनिबार यहाँ आयोजित कार्यक्रममा जानकारी दिइयो।

कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लले दिवसका अवसरमा परम्परागतभन्दा नौलो र उदाहरणीय कार्यक्रम हुन लागेकामा खुसी व्यक्त गर्दै यस कार्यक्रमबाट महिलाले देश र समाजका साथै जलवायु परिवर्तनका मुद्दामा पनि काम गर्न सक्छन् भन्ने कुरालाई स्थापित गर्ने बताउनुभयो। उहाँले विश्व तापमानमा भएको वृद्धिले हिमालमा हिउँ पग्लिने क्रम बढेको उल्लेख गर्दै पदयात्राले वातावरणीय न्यायका लागि जलवायु परिवर्तनका असरविरुद्ध महिलाको आवाज प्रसंशनीय रहेको बताउनुभयो। उहाँ पनि पदयात्रा अभियानमा सहभागी हुनुहुने आयोजक संस्थाले जनाएको छ। 'वुमन युनाइटेड फर क्लाइमेट जस्टिस' नाराका साथ विभिन्न क्षेत्रका प्रतिष्ठित महिलाहरु संयुक्त रूपमा पदयात्रा गर्दै आधारशिविरमा पुगेर विशेष कार्यक्रम गरिनेछ। तयारी अन्तिम चरणमा पुगेको र सोमबार १३ दिने पदयात्रा अभियानसहित टोली लुक्लातर्फ प्रस्थान गर्ने 'साथसाथै'का अध्यक्ष प्रजिता कार्कीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले खासगरी महिला जनजीवनमा पारेका प्रभाव र त्यसमा न्याय खोज्न गर्नुपर्ने पहलका बारेमा हामी सो क्षेत्रमा गम्भीर बहस गर्छौं। यस विषयमा गर्नुपर्ने काम तथा सुझाव समेटेर कालापत्थर महिला घोषणापत्र जारी गर्दैछौं।" जलवायु परिवर्तन जस्ता प्रकृतिले उब्जाएका ज्वलन्त समस्याका बारेमा विश्वव्यापी रूपमा ध्यानाकर्षण गराउने योजना पनि रहेको उहाँले सुनाउनुभयो। अध्यक्ष कार्कीले हिमाल पग्लिनेलगायत जलवायु परिवर्तनका असर विरुद्ध जुटन ऐक्यबद्धताका लागि विश्वलाई सन्देश दिन कालापत्थरबाट महिला आवाज उठाउने बताउँदै आगामी दिनमा 'साथसाथै' को यो अभियान सातै प्रदेशमा पुऱ्याउने लक्ष्य रहेको जानकारी गराउनुभयो। विश्वमा हरित ग्यास उत्सर्जनले तापमानमा आएको वृद्धिसँगै जलवायु परिवर्तनका विविध असर देखिने गरेका छन्। हरित ग्यास उत्सर्जनमा नेपालको भूमिका नगन्य भए पनि बढ्दो तापमान र जलवायु परिवर्तनका असरबाट नेपाल सबैभन्दा बढी प्रभावित मुलुकको सूचीमा रहेको छ।